चामुण्डाविन्द्रासैनीनगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, यूवा तथा खेलकुद शाखा
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

पत्र सं. : २०८०।०८१
च.नं.: ८४

मिति: २०८०।०८।१४

विषय प्रस्ताव पेस गर्ने सम्वन्धमा ।

श्री सामुदायिक विद्यालयहरु (मापदण्ड पुगेका) सबै,
चामुण्डाबिन्द्रासैनी नगरपालिका, दैलेख ।

प्रस्तुत विषयमा, यस चामुण्डाबिन्द्रासैनी नगरपालिका नगर शिक्षा समितिको मिति २०८०।०८।०७ को निर्णयानुसार यस नगरपालिका अन्तर्गत सञ्चालित तपसिल बमोजिमका मापदण्ड पुगेका सामुदायिक विद्यालयहरुले विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण तथा कार्य सम्पादनमा आधारित निम्नानुसार उल्लिखत अनुदान कार्यक्रमहरुका लागि विद्यालय व्यवस्थापन समितिको निर्णय, सम्वन्धित वडा कार्यालयको सिफारिस र अन्य आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र यस नगर शिक्षा, युवा तथा खेलकुद शाखा चामुण्डाविन्द्रासैनी नगरपालिका , दैलेखमा प्रस्ताव पेस गर्नुहुन सम्वन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरीएको छ ।

तपसिल

| क्र. स. | कार्यक्रम | कोटा संख्या | मापदण्डहरु | रकम |
|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा पुस्तकालय स्थापना तथा व्यवस्थापन | १ | क) पुस्तकालय नभएका कक्षा १-८ सञ्चालित आधारभुत तथा माध्यमिक विद्यालयहरुले प्रस्ताव पेस गर्ने,<br>ख) पुस्तकालय स्थापनाका तथा व्यवस्थापनका लागि कोठाको व्यवस्था भएका विद्यालयहरु हुनुपर्ने<br>ग) सबै माध्यमिक विद्यालयमा यस प्रकारको अनुदान एक पटक प्राप्त गरिसकेको पाइएमा उच्च विद्यार्थि संख्या, अनुमतिमा जेष्ठता क्रममा रहेको कक्षा १-८ सञ्चालित विद्यालयलाइ अनुदान दिइने छ ।<br>घ) कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।०८१ मा व्यवस्था भए अनुसारको प्रक्रिया पालना गर्नुपर्ने छ । | ६५०००० |
| २ | माध्यमिक विद्यालयमा विज्ञान | २ | क) यस प्रकारको अनुदान नपाएका, विज्ञान विषय पढाइ हुने, प्राविधिक धार सञ्चालन भएका १-८ सञ्चालित आधारभुत तथा माध्यमिक विद्यालयहरुले प्रस्ताव पेस गर्ने,<br>ख) सबै माध्यमिक विद्यालयमा यस प्रकारको अनुदान एक पटक प्राप्त गरिसकेको पाइएमा उच्च विद्यार्थि संख्या, अनुमतिमा जेष्ठता क्रममा रहेको कक्षा १-८ सञ्चालित विद्यालयलाइ | ६५०००० |



CamScanner

# चामुण्डाविन्द्रासैनीनगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
जम्बुकाँध, दैलेख
कर्णाली प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | प्रयोगशाला स्थापना अनुदान | | अनुदान दिइने छ ।<br>ग) यो अनुदान प्राप्त गर्ने विद्यालयले नमुना विद्यालय सञ्चालन निर्देशिका २०७४ को मापदण्डको अधार तथा स्पेशिपिकेशन अनुसार विज्ञान प्रयोगशाला व्यवस्थापन गर्ने र खरिद गरेका सामग्रीहरुको सूचि नगर शिक्षा युवा तथा खेलकुद शाखामा पेस गर्ने । | |

..............................
श्याम बहादुर रावत
नि. प्रमुख प्रशासकीय अधिकृत

नि.प्रमुख प्रशासकीय अधिकृत

वोद्धार्थ
श्री सूचना प्रविधि शाखा सूचना वेभसाइटमा अपलोड गरिदिनुहुन ।



CamScanner